# केआइसिंह गाउँपालिकाको सार्वजिनक सुनुवाइ, सामाजिक परिक्षण **सन्चालनका** लागि

# कार्यक्षेत्रगत शर्त (TOR)

केआइसिंह गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
वायल, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल
आ.बः २०८१/०८२

## १.पृष्ठभूमीः

विश्वमा सन् १९८० को दशकमा मूलतःअफ्रिकाको सब सहाराना क्षेत्रका विकासशील देशहरुमा भ्रष्टचार, अनुत्तरदायी शासन, अपारदर्शिता र मानव अधिकारको सम्मानको कमी जस्ता बिशेषता भएको खराब शासनले गर्दा विकास र प्रगति ठप्प भई भयावह स्थितिको सृजना भएकोले सन् १९९० को दशकदेखी दिगो विकास र गरिबी न्यूनिकरणका लागि अनिवार्य आवश्यकताको रुपमा पश्चिमी दातृ मुलुक एवं अन्तराष्ट्रिय संस्थाहरुले सुशासनको अवधारणालाई अघि सारेका हुन ।

नेपालमा पनि सुशासन कायम गरी समाजिक आर्थिक समृद्धि सहित नेपाली जनताको मुहारमा हाँसो र खुशी छर्ने अभिलासा लिएको सयौं बर्ष बित्यो तथापी जनताको जिवनमा देखिने गरी र जनताले नै महशुस गर्ने गरी आजका दिनसम्म उपलब्धि हाँसिल भएको पाईदैन । गोपाल बंश, लिच्छबिबंस, किंरालकाल, मल्लकाल हुँदै निरकुंस राणाशसान, निर्दलिय पन्चायत, लोकतन्त्र गणतन्त्र हुँदै संघीय लोकतान्त्रिक शासन प्रणालीको अभ्यासको प्रारम्भिक चरणमा प्रबेश गर्दा पनी जनताको सहभागिता, समाबेशिकरण र सुशासन प्रतिको भोक झन् ब्यग्र रुपमा बढ्दै छ ।

नेपालले विकास र समृद्धिको लागि कैंयौ आरोह अवरोह छिचोलिसकेको छ । वि।सं २००८ साल बाट बजेटको तर्जुमा, वि।सं २०१३ सालबाट योजनाबद्ध बिकासको थालनी, वि।सं २०१६ सालमा महालेखा नियन्त्रकको कार्यालयको स्थापना लगायत अन्य थुप्रै ओभरसाईट एजिन्सीहरुको स्थापना र सन्चालन गर्यो तथापी शासकीय गतिबिधिमा पूर्णतया सामाजिक न्याय र सुशासन कायम हुन सकेन जसको परिणामस्वरुप विकासका तमाम आयामहरु९राजनीतिक,सामाजिक, आर्थिक, पर्यावरणिय र अन्य० प्रभावित भए ।

नेपाल एक्काईसौं सदाब्दिको उत्तरार्धमा प्रबेश गरिरहँदा पनि नेपालको सामयिक विकास हुन नसक्नुको प्रमुख कारण सुशासनको अभाव नै हो । त्यसैले राज्यका प्रत्येक निकाय अर्थात शासकीय आयामहरुमा सुशासनको नारा भन्दा पनि व्यवहारमा सुशासन कायम गर्न सके समृद्ध नेपाल सुखी नेपालीको चाहना पुरा हुने थियो ।

नेपालको वर्तमान संबिधानको प्रस्तावनमा दिगो शान्ति सुशासन विकास र समृद्धि प्रतिको प्रतिबद्धता व्यक्त गरिएको छ । करिबन दुई दर्जन मौलिक हकहरुको व्यवस्था र धारा ५१ मा राज्का नीति अन्तर्गत खण्ड ख९४० मा सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निशपक्ष, जनमुखि, पारदर्शि, भ्रष्टचारमुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सा सुबिधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरि सुशासन कायम गर्ने भनिएको छ । सुशासन व्यवस्थापन तथा सन्चालन ऐन, २०६४ र नियमावली २०६५ को प्रस्तावना देखि प्रत्येक दफा र नियममा शासनका हरेक क्षेत्रमा सुशासन प्रबद्धन गर्ने उपाय बारे सुझाएको छ । सुशासनको आधारस्तम्भको रुपमा रहेको सूचनाको हक सम्बन्धि ऐन २०६४ ले पनी सार्वजनिक नकायमा रहेको सार्वजनिक सरोकार अथवा महत्वको सूचना कुनै पनि नेपाली नागरिकलाई सहजै उपलब्ध गराउने ब्यबस्था गरी राज्य र यसका निकाय तथा सार्बजनिक प्रशासनलाई अझ बढी उत्तरदायी, जवाफदेही र नागरिक केन्द्रित बनाउन पहल गरेको छ ।

बर्तमान संबिधानको धारा ५६ मा राज्यको संरचना अन्तर्गत संघ प्रदेश र स्थानीय तह गरी तिन तहको सरकारको परिकल्पना गरिएबाट स्थानीय सरकार अन्य सरकार भन्दा जनताको आगनको सरकार

भएकोले यसको निर्माण, यस बाट सम्पादन हुने कार्यको अनुगमन मूल्याङ्कन, लाभको प्राप्ति र पृष्ठपोषणका कार्य पनि स्थानीय जनताबाट हुने गर्दछन । स्थानीय सरकारका हरेक कार्यमा सोही स्थानका जनताको निगरानी हुन्छ । आम सर्वसाधारण सानो देखि ठूलो कार्यमा स्थानीय सरकार सँग ठोकिने गर्दछन । त्यसैले पनि स्थानीय सरकार अरु सरकार भन्दा जवाफदेही, पारदर्शि, मितव्ययी र जनता प्रति संबेदनशिल बन्नु पर्ने आबश्यकता छ ।

अतः माथि उल्लेखित ज्वलन्त समस्या, स्थानीय जनताप्रतिको दायित्व तथा संबिधान र अन्य दजनौं ऐन कानूनले दिएको बैधानिक अधिकारको पालना गर्दै यस केआइसिंह गाउँपालिकाबासीको सुशासन र दिगो शान्ति प्रतिको चाहनालाई सम्बोधन गर्नको लागि यस गाउँपालिकाको वडास्तरको सार्वजिनक सुनुवाइ र सामाजिक परिक्षण गर्नुपर्ने भएकाले यो प्रस्ताव तयार पारिएको हो ।

## २. केआइसिंह गाउँपालिका र सुशासनको अबस्थाः

सुदूरपश्चिम प्रदेशमा अवस्थित डोटी जिल्लाको पश्चिमि भागमा रहेको केआइसिंह गाउँपालिकाले सुशासन प्रबद्धनको निम्ति स्थापनाकाल देखि नै रणनैतिक कदम चाल्दै आएको छ । जसका केही प्रतिनिधि उदाहरण हरु तल उल्लेख गरिएको छ ।

- सामाजिक कुसँस्कारको रुपमा रहेको छाउपडी प्रथा हटाउनको लागि गाउँगाउँमा महिला शिक्षा तथा सामाजिक सचेतनाका कार्यक्रम सन्चालन गरेको ।
- गाउँपालिका क्षेत्रमा हुने अनावश्यक गाली गलौच, हिंसा र द्धन्द्धलाई घटाउन स्थानीय न्यायिक समिति, नागरिक सचेतना तथा अन्य कार्यक्रम सन्चालन गरेको ।
- आर्थिक रुपमा बिपन्न र लोपोन्मुख समुदायका नागरिकहरुलाई आदर्श आवास कार्यक्रम सन्चालन गरि विभिन्न राहत तथा उद्धारका कार्यक्रम सन्चालन गरिएको ।
- सम्पूर्ण भाषा धर्म लिंग वर्ग र समुदायका नागरिकहरु बिच आपसी भाईचारा, साँस्कृतिक बहुलबाद, धार्मिक सहिष्णुता, एक अर्काको सँस्कृतिको सम्मान र संरक्षण कायम गरी सामाजिक न्याय सहितको समाबेशी समाजको निर्माण गर्न खोजिएको ।
- स्थानीय विकास निर्माणका कार्यमा नागरिक सहभागिता प्रबद्धन गरि विकास कार्यमा अपनत्व र स्वामित्व कायम गर्न खोजिएको ।
- स्थानीय सरकारद्धारा सन्चालित विकास योजना र अन्य कार्यको नागरिक द्धारा निगरानीको लागि समयसमयमा सार्वजनिक सुनुवाई, तेस्रो पक्ष मूल्याङ्कन लगायतका कार्य गरेको ।
- यस गाउँपालिकाको आधिकारिक वेभसाईट सन्चालन गरी गाउँपालिकाले गरेका निर्णय तथा अन्य जानकारीहरु वेभसाईट मार्फत प्रदान गर्ने गरिएको ।

त्यसैले यस गाउँपालिकाले स्थापनाकाल देखि जे जति विकास सुशासन र समृद्धिका पहलहरु गर्यो ति आफैमा युगान्तकारी र सारभूत हुनेछन । आझै पनि यस गाउँपालिकामा सुशासनको आयम संस्थागत भईनसकेको हुनाले आगामी दिनमा यस गाउँपालिका द्धारा प्रदान हुने हरेक सेवामा झन बढी सुशासनको गुन्जायस बनाउन तथा अपराध बिरुद्ध शुन्य सहनशिलताको निति अवलम्बन गरी स्वच्छ आदर्श र अनुशासित आदर्श बासीको मान्यता प्राप्त गर्न यो सुशासन परियोजना आबश्य ठहरिएको हो ।

३. केआइसिंह गापाको सोचः पूर्ण रुपमा अनुशासित र सुशासन युक्त केआइसिंह गाउँपालिका ।

४. लक्ष्यः आगामी दुई देखि पाँच बर्ष भित्र केआइसिंह गाउँपालकामा शिक्षा, स्वास्थ्य, खानेपानी, कृषी, विकास निर्माण लगायत अन्य अन्तरसम्बन्धित क्षेत्रमा पूर्ण सुशासन कायम गर्ने ।

५. उदेश्यः

- ❖ निश्पक्ष नागरिक समाजको परिकल्पना गरी सरकारका कामकारबाहीमा नागरिक संलग्नता अभिबृद्धि गर्ने ।
- ❖ जवाफदेही र उत्तरदायी सार्वजनिक सेवाको प्रबन्ध गर्ने ।
- ❖ लैंगिक समाबेशीकरण तथा बिशेष कार्यक्रम र अवसरको सिर्जना गरी महिला दलित अल्पसंख्यक अन्य सिमान्तकृत समुदायको उत्थान गर्ने ।
- ❖ स्वास्थ्य, शिक्षा, खानेपानी, विद्‌युत लगायत अन्य आधारभूत आबश्यताको सरल र सहज पहुँच स्थापित गर्ने ।
- ❖ यस क्षेत्रमा भएका सामाजिक तथा साँस्कृतिक धरोहर, पौराणिक जात्रा, ऐतिहाँसिक रितिरिवाज र चालचलनको पहिचान र संरक्षण गर्ने ।
- ❖ महिला बालबालिका र जेष्ठ नागरिकको लागि बालगृह तथा जेष्ठ नागरिक उद्यानको ब्यवस्था गर्ने ।
- ❖ वातावरणिय प्रदुषण तथा जलबायू परिबर्तको प्रतिकुल असर तथा प्रभाव बाट जोगिन अनुकुलन योजना तथा विपत पूर्वानुमान संयन्त्रको विकास गर्ने ।
- ❖ साना तथा मझौला उद्योग, बाँझो जमिन र पर्यटन उद्योगको सम्भावनालाई विभिन्न निकाय तथा पक्षको सहयोगमा सन्चालनमा ल्याउने ।
- ❖ आपसी सहयोग, समझदारी र सौहार्दताको माध्यमबाट सामाजिक समस्याहरुको समाधान गर्ने
- ❖ जनताको समाज प्रतिको सामाजिक उत्तरदायित्व अभिबृद्धि गर्ने ।
- ❖ नेतृत्व क्षमता बिकास गर्ने ।
- ❖ सुशासन प्रबद्धन तथा नितिगत सुधारमा ध्यान दिने ।
- ❖ संस्थागत सुशासन लाई बलियो बनाउने ।
- ❖ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने ।

७. परियोजना अन्तर्गत गर्नुपर्ने क्रियाकलापहरू

- ❖ आर्थिक बर्ष ०८०।०८१ को सामाजिक परिक्षण
- ❖ आर्थिक बर्ष ०८१।०८२ मा सम्पादित कार्यहरूको २ वटा पालिकास्तरीय सार्वजनिक सुनुवाइ
- ❖ आर्थिक बर्ष ०८१।०८२ मा सम्पादित कार्यहरूको ७ वटै वडाहरूमा वडास्तरीय

८. परियोजना संचालन बिधिः

परियोजना संचालन सम्बन्धित सहजीकरण एवम व्यवस्थापनका सम्पूर्ण काम गैरसरकारी संस्थाले गर्नुपर्नेछ । त्यसका लागि देहाय बमोजिमका चरणहरु अनिबार्य पुरा गरेको हुनु पर्नेछ ।

१.पहिलो चरणः यस चरणमा सम्बन्धित परामर्शदाताले गाउँपालिकासँग समन्वय गरी सामाजिक परिक्षणको तथा सार्वजिनक सुनुवाइका लागि सम्पन्न सेवा प्रवाहबारे आबश्यक कृयाकलापहरुको कार्ययोजना सहित सम्झैता गर्ने ।

२. दोस्रो चरणः पालिकाको सार्वजनिक सुनुवाइ तथा सामाजिक परिक्षणको कार्यविधी अनुसार सहजीकरण गरि कृयाकलाप सन्चालन गर्नुपर्ने छ ।

३. तेस्रो चरणः कृयाकलाप सम्पन्न भएपश्चात प्रगति विवरण सहित प्रतिवेदन तयार गर्ने ।

९. परियोजनको कार्यक्षेत्रः केआइसिंह गाउँपालिका हुनेछ ।

१०. क्रियाकलापहरु –

तपसिल बमोजीमका क्रियाकलालपहरू सम्पन्न गर्नुपर्नेछ

| क्र.सं. | विवरण | सम्पन्न गर्नुपर्ने समयाअवधी | क्रियाकलाप संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | पालिकास्तरिय सार्वजनिक सुनुवाइ | पहिलो, दोस्रो र तेस्रो चौमासिक | २ | |
| २. | सामाजिक परिक्षण | पहिलो चौमासिक | १ | |
| ३. | वडास्तरीय सार्वजनिक सुनुवाइ | दोस्रो चौमासिक | ७ | |

११. परियोजना संचालन गर्न सक्ने आधारहरु ः

१) अनुभवी व्यक्ती एवम प्रशिक्षकहरुको विवरण ः

२) नीतिगत रुपमा स्पष्ट संस्था– संस्थाको बैधानिक दर्ता, नियमानुसार नेपाल सरकारलाइ कर तिरेको प्रमाणपत्र, अन्य कुनै सामाजिक कार्य गरेको भए सोको कार्यानुभव पत्र लगायत संलग्न राखेको हुनुपर्नेछ ।

३) स्थानिय संस्था । फर्म । परामर्शदाता – उक्त सुशासन परियोजना सन्चालनको डोटी जिल्लामा कार्यक्षेत्रगत शर्त बमोजिम तोकिएको कार्य गर्ने गैर सरकारी संस्थालाइ प्राथमिकता दिइने छ ।

४) दक्ष जनशक्तिः उक्त सुशासन परियोजना संचालको लागि दक्ष, अनुभवी साथै सम्बन्धीत बिषयमा स्नातक सम्मको अध्ययन गरेको र विगत तीन बर्ष देखिको कार्यअनुभव बोकेका जनशक्तीहरु यो कार्य सन्चालनको लागि उपर्युक्त हुनेछन । साथै विज्ञ तथा विषयबस्तुसँग जानकार प्रशिक्षकहरुको आवश्यकता हुने तथा

के.आई.सिंह गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

विगतमा यस्तै प्रकृतिका कामहरुबाट कुनै तालिम तथा प्रमाणपत्र प्राप्त गरेको भए सो समेत उल्लेख गरेको हुनु पर्नेछ ।

## १२ . समयावधी –

उल्लेखित सुशासन परियोजना सँग सम्बन्धीत कार्यक्रमहरु आ.ब २०८१।०८२ को असार मसान्त सम्म गरि सक्नु पर्नेछ ।

## १३. कामको गुणस्तर –

छनौट भएका परामर्शदाताले गरेको कामबारे पालिकाले अनुगमन गर्न सक्नेछ ।

## १४.समन्वय –

सम्बन्धीत गैरसरकारी संस्थालाई कार्य सम्पादन स्थलमा कुनै सहयोग र जानकारी आवश्यक परेमा यस गाउँपालिका र वडा कार्यालयमा जानकारी गर्नुपर्ने छ ।

## १५. प्रतिवेदन –

छनौट भएको गैरसरकारी संस्थाले प्रत्येक कृयाकलापहरुको प्रगती प्रतिवेदन तोकिएको समयमा पालिकामा पेश गर्नुपर्नेछ ।

## १६. भुक्तानी –

प्रत्येक क्रियाकलापहरु सम्पन्न भइ विल र भर्पाइ प्राप्त भए पश्चात भुक्तानी दिइनेछ वा सम्झौता रकमको ३० प्रतिशत रकम पेश्की स्वरुप दिन सकिनेछ ।

## १७. आर्थिक प्रस्तावना

गैरसरकारी संस्थाले अनिवार्य प्रस्तावित वजेटको विस्तृत विवरण पेश गर्नुपर्नेछ ।

| 1 | गाउँपालिकाको सार्वजनिक सुनवाई (३ पटक) | | | | |
|---|---|---|---|---|---|
| | | Cost | # of Participants | Quantity | Total |
| | Participant Lunch/Refreshment | | 150 | 2 | |
| | Stationery | | 150 | 2 | |
| | Remuneration for Head Facilators | | 1 | 2 | |
| | Remuneration for Assistant Facilators | | 2 | 2 | |
| | Jeep Booking | | 1 | 2 | |
| | Perdiem for CRC collector | | 2 | 2 | |
| | Perdiem for Exitpool collector | | 2 | 2 | |
| | Fm Live | | 2 | 2 | |
| | Report writing | | 1 | 1 | |
| | Sound System | | 1 | 2 | |
| | Tent | | 1 | 2 | |
| | Banner | | 1 | 2 | |
| | Travel Allowans & Lunch For district level Journalist | | 6 | 2 | |
| | Lunch Allowans For Guest & onganizer team | | 25 | 2 | |
| | **Total cost :** | | | | |

| 2 | वडाको सार्वजनिक सुनवाई (७ वडामा) | | | | |
|---|---|---|---|---|---|
| | | Cost | # of Participants | Quantity | Total |
| | Participant Lunch/Refreshment | | 70 | 7 | |
| | Stationery | | 70 | 7 | |
| | Remuneration for main Facilators | | 1 | 7 | |
| | Remuneration for Assistant Facilators | | 1 | 7 | |
| | Remuneration for helper staff | | 1 | 7 | |
| | Facilator Jeep Booking | | 1 | 7 | |
| | banner | | 1 | 7 | |
| | Fm Live | | 1 | 7 | |
| | Reporting | | 1 | 1 | |
| | Sound System | | 1 | 7 | |
| | **Total cost :** | | | | |

| ३. सामाजिक परिक्षण कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | दिन | दर | रकम |
| क | अध्ययन तथा सहजकर्ताले गर्ने कार्यक्रम बिवरण | | | |
| १ | वडास्तरमा छलफल र सूचना संकलन | 3 | | |
| २. | सरोकारवालाहरुसंग छलफल र सूचना संकलन | 3 | | |
| ३. | कार्यालयका दस्तावेजहरुको अध्ययन | 3 | | |
| ४. | कार्यशालामा मस्यौदा प्रतिवेदन प्रस्तुत तथा छलफल | 1 | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | अन्तिम प्रतिवेदन तयार | 1 | | |
| ६ | अन्य भैपरी बिबिध | 1 | | |
| ७ | गाडी बुकिंग | 2 | | |
| | *जम्मा* | | | |
| **ख** | **प्रतिबेदन प्रस्तुत एबं औपचारिक कार्यक्रमको खर्च** | | | |
| १ | सहभागीको स्टेशनरी खर्च | 45 | | |
| २ | खाजा नास्ता पानी | 45 | | |
| ३ | सहभागीको खाना खर्च | 45 | | |
| ४ | सहभागीको यातायात | 45 | | |
| | जम्मा | | | |
| | कुल जम्मा क र ख गरी | | | |

हिमाल डंगौरा

प्रमुख प्रशासकीय अधिकृत